# छेडागाड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कार्कीगाउँ, जाजरकोट
कर्णाली प्रदेश नेपाल ।

## मौजुदा सूची दर्ता गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः२०७५।०४।०१ गते

यस छेडागाड नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा आ.व. २०७५।०७६ को लागि आवश्यक पर्न सक्ने निम्नानुसार वस्तु, मालसामान तथा सेवाहरु उपलब्ध गराउन एवं मौजुदा सूचीमा सूचीकृत तथा अध्यावधिक हुन इच्छुक र इजाजत प्राप्त दर्तावाला ब्यक्ति, फर्म, कम्पनी, एवं संस्था, निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायकहरुबाटमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ को उपनियम १ बमोजिम मौजुदा सूचीमा समावेश हुन वा अध्यावधिक गर्न उक्त नियमावलीको अनुसूची २(क) को ढाँचामा निवेदन पेश यो सूचना प्रकाशित गरिएको छ । आफूले गर्न चाहेको कार्यको लागि विषयगत छुटटा छुटै दरखास्त दर्ता गराउनु पर्नेछ ।

| **(क) सामान आपूर्ति तर्फ** | **(ख) सेवा परामर्श तथा अन्य आपूर्ति तर्फ** |
|---|---|
| (१) सवारी साधन तथा स्पेयर पार्टस | (२) अध्ययन तथा अनुसन्धान परापर्श सेवा |
| (३) मसलन्द र कार्यालय सामानहरु | (४) डकुमेन्ट्री निर्माण तथा श्रव्य दृश्य सामग्री |
| (५) छपाइ सम्बन्धी कार्यहरु | (६) निर्माण, रङरोगन तथा मर्मत सेवा |
| (७) फर्निचर फिक्चर्स र फिनिसिङ्ग | (८) सूचना तथा विज्ञापन प्रकाशन सम्बन्धी |
| (९) स्टेशनरी सामान आपूर्ति | (१०) इन्टरनेट वेवसाइट तथा सफ्टवेयर निर्माण सञ्चालन तथा मर्मत |
| (११) मेशिनरी औजार स्पेयर पार्टस, आपूर्ति तथा मर्मत सम्भार | (१२) स्यानिटरी तथा पलम्विङ सेवा |
| (१३) औषधी आपुर्ति | (१४) पशुपंक्षी, कृषि सामाग्रि, विषादि, विउ विजन बोट विरुवा आदि आपुर्ति |

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः**

१. फर्म/व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
२. भ्याट तथा प्यान दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
३. आव ०७४/७५ सम्मको कर चुक्ता प्रमाणपत्र।
४. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० उपनियम २ङ बमोजिमको घोषणापत्र ।

**शर्तहरुः**

- आफ्नो फर्म वा कम्पनीले जुन कार्य गर्न वा सामान आपूर्ती वा सेवा दिन इजाजत प्राप्त गरेको हो सोही कार्यको लागि मात्र सूची दर्ता गर्न सकिनेछ ।
- प्राप्त दरखास्तहरु मौजुदा सूचीमा सूचिकृत गर्ने वा नगर्ने अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ ।

***पुनश्च*** : दर्ता तथा अध्यावधिक गर्ने कार्य निरन्तर रहने छ ।